# सम्पादकीय

# नयाँ गोरेटो

मार्टिन चौतारीले सन् २००६ देखि वार्षिक जर्नल *मिडिया अध्ययन* प्रकाशन गर्दैआएको हो । नेपाली मिडियाकेन्द्रित प्राज्ञिक/अर्धप्राज्ञिक सामग्री छापिने यो जर्नल १० अंक नियमित रूपमा प्रकाशन भएको थियो । एक दशकसम्म निरन्तर यो जर्नल चलाउँदा हामीलाई मूलतः तीन कुराले यसको कार्यक्षेत्र अलि विस्तार गर्न उत्प्रेरित गरे : पहिलो, मिडियासम्बन्धी विषयमा मात्र केन्द्रित रही नियमित रूपमा जर्नल प्रकाशन गर्नका लागि स्तरीय सामग्रीको अभाव सधैँ खट्क्यो । दोस्रो, नेपाली भाषामा खँदिला सामग्री छापिने समाज विज्ञानसम्बन्धी नियमित जर्नलको खाँचो हामी स्वयंलाई महसुस भइरहेको थियो । तेस्रो, मिडिया बाहेकका अन्य विधाका अध्येताले समाज विज्ञानसम्बन्धी गहकिलो जर्नलको आवश्यकता देखेर हामीलाई त्यतातर्फ लाग्न झक्झक्याइरहेका थिए ।

नेपाली समाज विज्ञानलाई संवृद्ध तुल्याउने हाम्रो प्रमुख उद्देश्य हो । अहिले नेपाली युवामाझ समाज विज्ञानको औपचारिक अध्ययनतर्फ आकर्षण घटिरहेको (नेपालका विश्वविद्यालयमा भर्ना हुने विद्यार्थी संख्याको आधारमा) परिप्रेक्ष्यमा युवा पुस्तालाई समाज विज्ञानतर्फ प्रवृत्त तुल्याई गम्भीर अध्येता बनाउने अर्को गुरुत्तर दायित्व पनि थपिएको हामीले ठानेका छौँ । नेपाली समाज विज्ञानको संवृद्धि र समुन्नतिका लागि नेपाली भाषा (र मुलुकका अन्य भाषामा समेत) मा स्वयं नेपालीहरूले गहकिला सामग्री प्रकाशन गर्नु जरुरी छ भन्ने हामी ठान्छौँ । यी सबै कारणले गर्दा *मिडिया अध्ययन*को १० औँ अंकमा घोषणा गरेबमोजिम सो जर्नलको विस्तारित स्वरूप *समाज अध्ययन*को यो अंक लिएर हामी पाठकसामु आएका छौँ ।

*मिडिया अध्ययन*को निरन्तरताका लागि स्तरीय प्राज्ञिक सामग्रीको जुन अभाव हामीले बेहोरेका थियौँ, सो जर्नलको स्कोप (कार्यक्षेत्र) विस्तार गर्दैमा सहजै पूर्ति हुनेवाला छैन भन्ने तथ्य हामीलाई थाहा छ । किनकि, केही विधा (इतिहास, संस्कृति, आदि) मा बाहेक नेपाली भाषामा प्राज्ञिक कर्म ज्यादै पातलो छ । र, नेपालीमा लेख्नका लागि प्रोत्साहन गर्ने तत्त्व थोरै छन् । अहिलेको परिप्रेक्ष्यमा जसको अंग्रेजी भाषामा दखल छ, उसले नेपालीमा लेख्ने कुनै आवश्यकता देख्दैन । नेपालीमा लेख्नेलाई हेयको दृष्टिले हेरिने भएकाले अंग्रेजीमा दखल नहुनेले पनि विभिन्न कारणवश कनीकुथी टुटेफुटेको अंग्रेजीमै लेख्ने यत्न गरेको देखिन्छ ।

त्यसबाहेक, हामीकहाँ समाज विज्ञान कर्मको लामो र संवृद्ध इतिहास नभएकाले यसै पनि नेपालीमा प्राज्ञिक लेखन कठिन छ; अंग्रेजीमा प्रयुक्त हुने विभिन्न अवधारणाका मानक पारिभाषिक पदावलीको अभाव छ । त्यसैले, नेपालीमा प्राज्ञिक सामग्री उत्पादन सहज छैन, तर गाह्रो मानेर नेपालीमा समाज विज्ञान कर्म नगर्ने हो भने नेपाली समाज विज्ञानको संवृद्धि कसरी सम्भव होला र? *समाज अध्ययन*मार्फत नेपाली समाज विज्ञानको समुन्नतिका लागि हामीले जगमा एउटा ईंट थप्ने प्रयत्न गरेका छौँ । र, पाठक एवं अध्येताको मायाको आशा गरेका छौँ ।

*समाज अध्ययन*मा हामीले नेपाली मिडियासम्बन्धी सामग्रीलाई चटक्कै छाड्ने छैनौँ । नेपाली मिडियाबाहेक समाज विज्ञानका अन्य विधा – समाजशास्त्र, मानवशास्त्र, इतिहास, राजनीतिशास्त्र लगायत, भाषा, कला, संस्कृति, दर्शन, भूगोल, अर्थशास्त्र, कानुन, साहित्य, शिक्षा, जनस्वास्थ्य, वातावरण, विकास, आदि – का सामग्री यो जर्नलमा छापिने छन् । यी विधाका अनुसन्धानात्मक लेख, टिप्पणी, साहित्य समीक्षा, व्याख्यान्, पुस्तक समीक्षा, अन्तर्वार्ता, चित्रकथा, प्रतिवेदन एवं महत्त्वपूर्ण ऐतिहासिक तथा पूर्वप्रकाशित वा अप्रकाशित सामग्रीले यसमा स्थान पाउनेछन् ।

*समाज अध्ययन*को यो अंकमा अनुसन्धानमूलक लेख, पूर्वप्रकाशित सामग्री, व्याख्यान्, टिप्पणी, अन्तर्वार्ता र पुस्तक समीक्षा समेटिएको छ । पहिलो खण्डका पाँच ओटा लेखमध्ये शुक्र सागर श्रेष्ठको मुस्ताङ जिल्लाको पुरातत्त्वबारेको सामग्री उहाँलगायत अन्य १३ जनाले सन् २००३ मा अंग्रेजीमा लेख्नुभएको लेखको संक्षिप्त अनुवादसहित नयाँ सामग्री थप गरी तयार पारिएको हो । कास्की जिल्लाको ताङतिङमा इन्टरनेट प्रविधिमा स्थानीयको पहुँच र प्रयोगको अवस्थाबारेको अर्जुन पन्थीको लेख मार्टिन चौतारीको "नेपालमा सर्वसंयोजकता परियोजना" अन्तर्गत २०७१ पुसमा सोही ठाउँमा गरिएको अनुसन्धानमा आधारित छ । यसको प्रारम्भिक मस्यौदा मार्टिन चौतारीको छैटौँ मिडिया अनुसन्धान सम्मेलन (सन् २०१५) मा प्रस्तुत गरिएको थियो । भीमबहादुर बोहोरा र गीता चौधरीका लेख मार्टिन चौतारीले (सन् २००९–२०११ मा) सञ्चालन गरेको "नेपालको उच्च शिक्षा तथा अनुसन्धानमा सामाजिक समावेशीकरणको अभिवृद्धि" परियोजना अन्तर्गत शोधवृत्ति पाएर तयार गरिएका अनुसन्धान पत्र हुन् । अंकलाल चलाउने र योगेश राजको यार्चागुम्बाको संकलन-विनिमय संरचनासम्बन्धी संयुक्त लेखको प्रारम्भिक मस्यौदा मार्टिन चौतारीको २० असार २०७२ को छलफलमा प्रस्तुत गरिएको थियो ।

माथि उल्लेख गरिए झैँ नेपाली समाजसम्बन्धी पूर्वप्रकाशित महत्त्वपूर्ण सामग्रीलाई पनि यो जर्नलमा स्थान दिइने छ । पहिले छापिएका र हाल पनि उत्तिकै महत्त्व राख्ने तर बजारमा सहजै अप्राप्य सामग्रीमा आम पाठकको सहज पहुँच पुगोस् भन्ने हाम्रो ध्येय हो । यस क्रममा अंग्रेजी या अन्य भाषामा छापिएका सामग्रीका अनुवाद समेतले स्थान पाउने छन् ।

यो अंकमा नेपाली बुद्धिजीवीबारे कमलप्रकाश मल्लले लेख्नुभएको *रूपरेखा*को वैशाख २०२७ अंकमा प्रकाशित लेख र *रूपरेखा*कै त्यसपछिको अंकमा उक्त लेखमाथि हर्क गुरुङले गर्नुभएको टिप्पणीलाई समावेश गरिएको छ । मल्ल र गुरुङले अंग्रेजीमा लेख्नुभएका यी लेख/टिप्पणी पहिलो पटक *वसुधा*मा प्रकाशित भएका थिए जसको अनुवाद *रूपरेखा*मा छापिएको हो । मार्टिन चौतारीको वार्षिक "चौतारी स्थापना व्याख्यान्" शृंखलाअन्तर्गत तीर्थबहादुर श्रेष्ठले नेपालको जैविक भूगोलबारे ५ असोज २०७३ मा बोल्नु भएको थियो । श्रेष्ठको सोही व्याख्यान् यहाँ समावेश गरिएको छ । यो अंकमा सामेल नेपालमा प्राज्ञिक अनुसन्धानका लागि उपलब्ध आर्थिक पूर्वाधारबारे देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुलीको प्रारम्भिक टिप्पणी चौतारीले नेपालको उच्चशिक्षाबारे गर्दैआएको अनुसन्धानको उपज हो ।

त्यस्तै, यो अंकमा दुई ओटा अन्तर्वार्ता समेटिएको छ । पहिलो रेडियो पत्रकारितासम्बन्धी तालिमबारे रेडियो सञ्चालक गोपाल गुरागाईं तथा तुला अधिकारीको अन्तर्वार्ता सामेल छ । रेडियो सञ्चालकका साथसाथै तालिम दिने संस्थाका प्रतिनिधि तथा प्रशिक्षकहरूको अन्तर्वार्तासमेत संलग्न गर्ने प्रयत्न विभिन्न कारणवश सफल भएन । यो अंकको दोस्रो अन्तर्वार्ता चन्द्रा भद्रासँग नेपालका विश्वविद्यालयमा पढाइने लैंगिक अध्ययनको पाठ्यक्रम तथा सो तयार पार्दाको पृष्ठभूमिबारे छ । यो जर्नलको एउटा प्रमुख हिस्सा पुस्तक समीक्षा हुने हामीले ठानेका छौँ । सोही बमोजिम आठ ओटा पुस्तक समीक्षा यो अंकमा सामेल गरिएको छ । दुई या दुईभन्दा बढी पुस्तकको संयुक्त समीक्षा तथा समीक्षा-निबन्धलाई पनि हामी यो जर्नलमा स्थान दिन्छौँ ।

*समाज अध्ययन*को सम्पादकीय समूहमा *मिडिया अध्ययन*का एक जनाबाहेक सबै सम्पादक संलग्न हुनुहुन्छ । *मिडिया अध्ययन*को सम्पादकीय समूहका हर्षमान महर्जन उच्चशिक्षा अध्ययनका कारण व्यस्त हुनुपरेकाले यसमा संलग्न हुन सक्नुभएन । *मिडिया अध्ययन*को सम्पादन समूहमा रही जर्नल प्रकाशनमा गर्नुभएको योगदानका लागि हामी उहाँप्रति आभारी छौँ । पुराना समूहका बाहेक विभिन्न ठाउँमा बसेर प्राज्ञिक अध्ययन-अनुसन्धानमा सक्रिय नेपाल अध्येताहरू यो जर्नलको सम्पादन समूहमा सामेल हुनुभएको छ । विधागत वैशिष्ट्य, कार्यक्षेत्र, आदिका हिसाबले सम्पादन समूहमा यसले विविधता थपेको छ ।

जर्नलमा प्रकाशनका लागि सामग्री उपलब्ध गराउन हामीले गरेको आग्रहलाई सहर्ष स्वीकार गरी सहयोग गर्नुहुने समस्त लेखक तथा अन्तर्वार्ताका लागि समय दिनुहुने सबै महानुभावलाई धन्यवाद दिन चाहन्छौँ । त्यस्तै, समकक्षी-समीक्षा (पियर रिभ्यु) का लागि हामीले गरेका अनुरोध स्वीकारी जर्नललाई प्राप्त लेखमाथि टिप्पणी तथा सुझाव दिनुहुने समीक्षकहरूप्रति हामी आभारी छौँ । साथै, जर्नलको यो अंक तयार गर्ने क्रममा विभिन्न

खाले सहयोग पुऱ्याउनुहुने चौतारीका सहकर्मीहरू शकबहादुर बुढाथोकी, अंकलाल चलाउने, देवेन्द्र उप्रेती तथा किशोर प्रधानलाई पनि धन्यवाद दिन्छौँ ।

अन्तमा, यस जर्नललाई स्तरीय सामग्रीसहित निरन्तर रूपमा अगाडि बढाउन आम पाठक/अध्येताहरूले आफ्ना सुझाव र प्रतिक्रिया दिई सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा लिएका छौँ ।